# कर्मचारी समायोजन नियमावली, २०७४

(मिति २०७४ चैत्र मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# कर्मचारी समायोजन नियमावली, २०७४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७४।११।२८

कर्मचारी समायोजन ऐन, २०७४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायकानियमहरू बनाएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ: (१) यीनियमहरूको नाम“कर्मचारी समायोजन नियमावली, २०७४” रहेको छ ।

(२) यो नियमावलीतुरुन्तप्रारम्भ हुनेछ ।

२. परिभाषा:विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन”भन्नाले कर्मचारी समायोजन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “समिति”भन्नाले नियम ३ बमोजिमको सङ्गठन तथाव्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ ।

३. समितिको गठन: (१) ऐनको दफा ४ बमोजिमको कार्य गर्न देहायबमोजिमको सङ्गठन तथाव्यवस्थापन सर्वेक्षण समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय (सामान्यप्रशासन) - संयोजक

(ख) सहसचिव, प्रधानमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, कानून, न्यायतथा संसदीयमामिलामन्त्रालय - सदस्य

(ङ) सहसचिव, सम्बन्धितमन्त्रालय - सदस्य

(च) सहसचिव, मन्त्रालय (सामान्यप्रशासन) - सदस्य-सचिव

(२) समितिले आवश्यकताअनुसार सम्बन्धितनिकायको प्रतिनिधि र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमको सदस्यले आफ्नो मन्त्रालयसँग सम्बन्धितविषयमा छलफल हुँदा समितिको बैठकमा भागलिनेछ ।

(४) समितिको सचिवालयमन्त्रालयमा रहनेछ ।

(५) सम्बन्धितमन्त्रालयले समितिका सदस्यलाई समितिको काममा पूरा समय कामगर्ने गरी खटाउन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) समितिको बैठक तथाअन्यकार्यविधि समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) समितिले नेपालको संविधानको अनुसूचीमाउल्लेख भएबमोजिमको अधिकारको सूची, नेपाल सरकार, (कार्य विभाजन) नियमावली, नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतीकरण, कार्यप्रकृति र औचित्यसमेतको आधारमा सङ्गठन तथाव्यवस्थापन सर्वेक्षण गरी देहायकाविषयमा नेपाल सरकारसमक्षसिफारिस गर्नेछ :-

(क) संघ र प्रदेशमा रहने मन्त्रालयको सङ्गठन संरचना,

(ख) संघमा रहने सचिवालय, आयोग, विभाग, कार्यालय वाएकाइ,

(ग) प्रदेशमा रहने कार्यालय वाएकाइ,

(घ) स्थानीयतहमा रहने कार्यालय, एकाइवा सेवा केन्द्र,

(ङ) संघ, प्रदेश र स्थानीयतहको सेवामा रहने सेवा, समूहवाउपसमूह,

(च) संघ, प्रदेश र स्थानीयतहको सेवामा रहने श्रेणी, तहवा स्तर,

(छ) संघ, प्रदेश र स्थानीयतहमा रहने सेवा, समूहवाउपसमूहतथाश्रेणी, तहवा स्तरअनुसारको सङ्गठन संरचना र कार्यविवरण सहितको कर्मचारी दरबन्दी,

(ज) श्रेणीको पदमाकार्यरत कर्मचारीलाई तहको पदमावातहको पदमाकार्यरत कर्मचारीलाई श्रेणीको पदमा समायोजन गर्नुपर्ने भए समायोजन गरिने श्रेणी वातहको पदको लागिचाहिने शैक्षिक योग्यता र नोकरी अवधिसमेतकाअन्यआधार र प्रक्रिया ।

(२) समितिले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिकाको सङ्गठन संरचनातथा दरबन्दीसिफारिस गर्दा भौगोलिकअवस्था, जनसंख्या र वडा संख्याको आधारमा समानविशेषताभएकागाउँपालिका, नगरपालिका र उपमहानगरपालिकालाई विभिन्न समूह (क्लष्टर) माविभाजन गरी प्रत्येक समूहको प्रतिनिधित्वहुने गरी स्थलगतअध्ययनगर्न गराउन सक्नेछ ।

(३) समितिले महानगरपालिकाको सङ्गठन संरचनातथा दरबन्दीसिफारिस गर्दा सबै महानगरपालिकाको स्थलगतअध्ययन गरी गराई सो अध्ययनसमेतको आधारमाआवश्यकताअनुसार समानवा फरक फरक सङ्गठन संरचनातथा दरबन्दीसिफारिस गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) समितिले प्रदेशको सङ्गठन संरचनातथा दरबन्दीसिफारिस गर्दा प्रदेशको भौगोलिकअवस्था, जनसंख्या र भौतिकपूर्वाधारसमेतको स्थलगतअध्ययनगर्न, गराउन सक्नेछ ।

(५) समितिले कुनै सेवा, समूहवाउपसमूहभित्र एउटै पदनाम रहेको पदलाई आवश्यकताअनुसार छुट्टाछुट्टै पदनामसिफारिस गर्न सक्नेछ ।

५. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफूले गर्ने कार्यसम्पादनमा सहयोग गर्न आवश्यकताअनुसार समितिको कुनै सदस्यको संयोजकत्वमा सेवा सञ्चालनगर्ने निकायसमेतको प्रतिनिधित्वहुने गरी उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथाकार्यावधि समितिले तोकेबमोजिमहुनेछ ।

६. प्रतिवेदन पेश गर्ने : (१) समितिले सङ्गठन तथाव्यवस्थापन सर्वेक्षण गरिसकेपछि आवश्यकताअनुसार संघ, प्रदेश वा स्थानीयतहमध्ये कुनै तहको छुट्टा छुट्टै वाएकीकृत प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्न सक्नेछ ।

(२) उपनियम (१) माजुनसुकै कुरा लेखिएको भएतापनि समितिले संघ, प्रदेश वा स्थानीयतहवा सो अन्तर्गतको कुनै निकायको सङ्गठन संरचनातथा दरबन्दीतत्कालनिर्धारण गर्न आवश्यकभएमात्यस्तो तहवानिकायको हकमाअन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ ।

७. सङ्गठन तथा दरबन्दी स्वीकृत गर्ने: (१) नियम ६ बमोजिम समितिले दिएको प्रतिवेदनको आधारमा नेपाल सरकारले संघ, प्रदेश वा स्थानीयतहमध्ये कुनै तहवानिकायको सङ्गठन संरचनातथा दरबन्दी स्वीकृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सङ्गठन संरचनातथा दरबन्दी स्वीकृत भएपछि मन्त्रालयले सरकारी सेवासँग सम्बन्धित सङ्गठन संरचनातथा दरबन्दीनिजामतीकितावखानामादर्ता गराई त्यस्तो सङ्गठन संरचनातथा दरबन्दीको विवरण संघको हकमा सम्बन्धित सेवा सञ्चालनगर्ने निकायमा र प्रदेश र स्थानीयतहको हकमा सम्बन्धितप्रदेश तथा स्थानीयतहमा पठाउनु पर्नेछ ।

तर प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदको दर्तासम्बन्धीव्यवस्थाप्रदेश तथा स्थानीयतहको कानूनबमोजिमहुनेछ ।

८. कर्मचारी खटाउने: (१) नेपाल सरकार तथा सेवा सञ्चालनगर्ने निकायले नियम७बमोजिम स्वीकृत भएको प्रदेश र स्थानीयतहको सङ्गठन संरचनातथा दरबन्दीमा समायोजन नभएसम्मकालागिकर्मचारी खटाउँदा ऐनको दफा ११ बमोजिम सरकारी सेवाकाकर्मचारीलाई कामकाजगर्न खटाउनेछ ।

(२) उपनियम (१) बमोजिम खटाईएको कर्मचारीको पदाधिकार सेवा, समूह सञ्चालनगर्ने निकायको पुल दरबन्दीमा रहनेछ ।

(३) उपनियम (१) बमोजिम खटिएको कर्मचारीले निजको सेवाशर्तसम्बन्धीप्रचलितकानूनबमोजिमपाउने पारिश्रमिक र सुविधापाउनेछ ।

(४) यस नियमबमोजिमकर्मचारी खटाउँदा ऐनको दफा ५ बमोजिमको आधारमा खटाइनेछ ।

(५) यो नियमावलीप्रारम्भ हुनुभन्दा अघि प्रदेश र स्थानीयतहमा खटाइएको कर्मचारी यसै नियमावलीबमोजिम खटाइएको मानिनेछ ।

९. <u>हाजिर हुनु पर्ने</u>: (१) नियम ८ बमोजिम खटाइएको कर्मचारी ऐनको दफा७को व्यवस्थाको अधीनमा रहीआफू खटिइएको कार्यालयमाहाजिर हुनजानु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समयभित्रहाजिर हुननजाने कर्मचारीलाई कानूनबमोजिमविभागीय सजायहुनेछ ।

(३) नियम ८ बमोजिम खटाइएको कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिनु त्यस्तो कर्मचारी खटिएको निकायवाकार्यालयको प्रशासकीयप्रमुखवाअधिकारीको कर्तव्य हुनेछ ।

(४) नियम ८ बमोजिम खटाइएको कर्मचारी हाजिर हुनासाथ सम्बन्धितकार्यालयले सोको जानकारी मन्त्रालय, सेवा सञ्चालनगर्ने निकाय र निजामतीकिताबखानालाई गराउनु पर्नेछ ।

१०. <u>समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>: (१) ऐनको दफा ८ बमोजिम गठित समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ :-

(क) सङ्गठन तथाव्यवस्थापन सर्वेक्षण समितिको कार्यमाआवश्यक सहयोग र समन्वयगर्ने,

(ख) समायोजन गर्ने वाकर्मचारी खटाउने प्रयोजनको लागि सम्पूर्ण सरकारी कर्मचारीको अद्यावधिकअभिलेख तयार गरी मन्त्रालय र सेवा सञ्चालनगर्ने निकायमा पठाउन मन्त्रालय, आयोग, सचिवालयवाकार्यालयका सचिवहरूलाई निर्देशनदिने,

(ग) समायोजन गर्ने वाकर्मचारी खटाउने सम्बन्धीविषयमाप्रदेश र स्थानीयतहमाआवश्यक पर्ने सङ्गठन संरचनातथा दरबन्दीकायमगर्ने सम्बन्धमा समन्वयगर्ने,

(घ) समायोजन तथाकर्मचारी खटाउने सम्बन्धीकामको अनुगमनगर्ने र तत् सम्बन्धमानिर्देशनदिने,

(ङ) अन्यआवश्यककार्यहरू गर्ने ।

(२) समन्वय समितिको बैठक तथाअन्यकार्यविधि सो समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ ।

(३) समन्वय समितिको सचिवालयमन्त्रालयमा रहनेछ ।

११. सहयोग गर्नुपर्ने: ऐन तथा यस नियमावलीबमोजिमको सङ्गठन संरचनातथा दरबन्दीसिफारिस गर्ने सम्बन्धमा समिति, उपसमिति र समितिले खटाएको कर्मचारीलाई आवश्यक सहयोग गर्नु संघ, प्रदेश तथा स्थानीयतहकाकार्यालय, पदाधिकारी तथाकर्मचारीको कर्तव्य हुनेछ ।

१२. बजेटसम्बन्धी व्यवस्था : समन्वय समिति, समिति र उपसमितिलाई आवश्यक पर्ने बजेटको व्यवस्था अर्थ मन्त्रालयले गर्नेछ ।

१३. बैठक भत्तातथा सुविधा: समितितथाउपसमितिका संयोजक, सदस्य, आमन्त्रित सदस्यतथा सो काममा खटिने कर्मचारीले अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्डबमोजिम बैठक भत्ता र सुविधापाउनेछन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय